सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी

आदेश

०८०-WO-०३९०

मुद्दाः- उत्प्रेषण परमादेश समेत ।

कैलाली जिल्ला धनगढी उपमहानगरपालिका वडा नं. ५ घर भई नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा हाल नेपाली राजदूतावास नयाँ दिल्लीमा प्रथम सचिव पदमा कार्यरत धना कुमारी जोशी............................१ निवेदक

विरुद्ध

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं...............१

लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर काठमाडौं...........................१ प्रत्यर्थी

बढुवा समिति, बढुवा समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं........................................................................१

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय किताबखाना (निजामती)....१

परराष्ट्र मन्त्रालय, सिंहदरबार काठमाडौं ..................................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

१. म निवेदक मिति २०६८।०५।०५ देखि नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृत पदमा कार्यरत रही हाल मिति २०७९।०५।२१ देखि नेपाली

राजदुतावास, नयाँ दिल्लीमा प्रथम सचिवको पदमा कार्यरत रहेकी छु । मेरो निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाका लागि आवश्यक सेवा अवधि पुगी राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा हुने बढुवाको प्रतीक्षामा छु । निजामती सेवा ऐन, २०४९ को दफा ७ को व्यवस्था बमोजिम यस वर्ष हुने पदपूर्तिका लागि परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको ४ वटा पद रिक्त रही त्यसको प्रतिशत निर्धारण हुँदा जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा हुने बढुवाबाट एक, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट दुई र आन्तरिक प्रतिष्पर्धाबाट एक गरी चारवटै पद राजपत्राङ्कित द्वितीय श्रेणीका परराष्ट्र सेवाका कर्मचारीबाट पूर्ति हुने भई उक्त पदमा त्यसरी रिक्त रहने चार वटा र यस आर्थिक वर्षमा अवकाशबाट रिक्त हुने एक पद गरी जम्मा पाँच वटा रिक्त पदको प्रतिशत निर्धारण गरी पदपूर्ति गर्नुपर्नेमा परराष्ट्र मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयमा माग आकृति फाराम पठाउँदा यस वर्षको विज्ञापनमा राजपत्राङ्कित प्रथम श्रेणीको चार पद रिक्त रहेको कुरा उक्त फाराममा उल्लेख गरी एक पद छुटाई माग आकृति फाराम पठाएको हुँदा आयोगले मिति २०८०।०६।२५ मा पदपूर्तिका लागि सूचना प्रकाशन गर्दा परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीमा माथि उल्लिखित व्यहोरा बमोजिम बढुवाबाट पूर्ति गर्ने गरी सूचना भएको अवस्था छ । आयोगले सूचना नं. ३७०/०८०-८१, बढुवा सूचना नं. १३/०८०-८१ बाट नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदसंख्या एक जेष्ठता र कार्यसम्पादनको मूल्याङ्कनद्वारा गरिने बढुवाद्वारा, सूचना नं. ३७१/०८०-८१, बढुवा सूचना नं. ७५/०८०-८१ बाट सोही सेवा समूहको एक पद कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा र सूचना नं. ३७२/०८०-८१, विज्ञापन नं. १६६६३/०८०-८१ बाट नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको १ पद आन्तरिक प्रतियोगिताद्वारा तथा विज्ञापन नं. १६६७१/०८०-८१ अन्तर्गत नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको १ पद खुला प्रतियोगिताबाट गरी ४ पदको मात्र पदपूर्ति गर्ने गरी सूचना प्रकाशन गरेको रहेछ। यसरी पाँच पद रिक्त भई पूर्ति हुनु पर्नेमा चार पदको मात्र पदपूर्ति गर्ने गरी सूचना प्रकाशन गरी रिक्त एक पदको सूचना प्रकाशन नगरेकोले मेरो वृत्ति विकासको अवसरमा गम्भीर असर परेकोले नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको ५ पदको पदपूर्तिका लागि सूचना गर्नु पर्नेमा ४ पदको मात्र

पदपूर्ति गर्ने गरी आयोगले मिति २०८०/६/२५ मा प्रकाशन गरेको सूचनाबाट मेरो बढुवाद्वारा हुने वृत्ति विकासको हक हनन् हुने हुँदा माथि उल्लिखित विज्ञापनबाट हुने पदपूर्तिका लागि प्रकाशित सूचना तथा यससंग सम्बन्धित विपक्षीहरूका यावत काम, कारवाही, निर्णय, सूचना, पत्राचार आदि समेतलाई उत्प्रेषणको आदेशले बदर गरी गणना नगरिएको एक पद समेत गणना गरी एक पद समेत थप/समावेश गरी पाँचै वटा पद एकैसाथ पदपूर्ति गर्ने गरी प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश लगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरी पूर्ण न्याय पाउँ भन्ने व्यहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सो को आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र विपक्षीहरूले महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा सूचना म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू ।साथै निवेदकले अन्तरिम आदेशसमेत जारी गरी पाउँ भनी गरेको निवेदन मागका सम्बन्धमा दुवै पक्षहरू बीच छलफल गरी निष्कर्षमा पुग्न उपयुक्त देखिएकोले मिति २०८०।०८।०५ गते अन्तरिम आदेश छलफलको लागि पेशी तोकी प्रत्यर्थीहरूलाई जानकारी गराई नियमानुसार पेश गर्नु। साथै उक्त अन्तरिम आदेश छलफलको मितिसम्म लोक सेवा आयोगले निवेदकले विवाद जनाएको नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित द्वितीय श्रेणीको पदपूर्तिको कार्य नगर्नु नगराउनु, लोक सेवा आयोगबाट मिति २०८०।०६।२५ मा प्रकाशित सूचना नं. ३७०/०८०-८१, ३७१/०८०-८१ र ३७२/०८०-८१ को सूचना सो हदसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७३ को नियम ४९ को उपनियम २ (ख) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरी दिएको छ। आदेशको जानकारी प्रत्यर्थीहरूलाई गराउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०८०।७।२० को आदेश।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २२८ मिति २०८०।०६।२२ को पत्रबाट आर्थिक वर्ष २०८०/८१ मा निजामती सेवाका राजपत्राङ्कित प्रथम र द्वितीय

श्रेणीका रिक्त पदहरूमा पदपूर्तिको प्रकृया अगाडि बढाउन माग आकृति फाराम यस आयोगमा प्राप्त भएको थियो। नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा चार पद माग भएको थियो। पद संख्या निर्धारणको काम आयोगले गर्ने भएकोले माग गरी पठाएको भन्दा बढी संख्या कायम गरी विज्ञापन प्रकाशन गर्ने कानूनी अधिकार आयोगलाई छैन। आयोगबाट सञ्चालन हुने प्रतिस्पर्धात्मक परीक्षाका कतिपय विज्ञापनमा पर्याप्त दरखास्त नपर्ने, कतिपय परीक्षार्थीहरू परीक्षामा सामेल नहुने र परीक्षामा सामेल भएका उम्मेदवारहरूले पनि कानून बमोजिमको उत्तीर्णाङ्क प्राप्त गर्न नसकी सो पदमा पदपूर्ति हुन नसकेका उदाहरणहरू आयोग समक्ष रहेको अवस्थामा रिट निवेदिकाले उल्लेख गरेको विषयमा समेत नेपाल परराष्ट्र सेवाको सहसचिव पदमा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट कुनै पनि उम्मेदवार सिफारिस हुन नसकेको अवस्थामा सो पद रिक्त नहुन सक्छ। प्रतिष्पर्धात्मक परीक्षामा परीक्षार्थीहरू उत्तीर्ण हुने पूर्णरुपले प्रत्याभूत गर्न सक्ने गरी पूर्व अनुमान गर्न नसकिने भएको हुनाले अहिले नै नेपाल परराष्ट्र सेवाको उक्त राजपत्राङ्कित द्वितीय श्रेणीको पद रिक्त भएको मानी पदपूर्तिका लागि विज्ञापन गर्न मिल्ने देखिंदैन। सोतर्फ विचार नै नगरी आन्तरिक परीक्षामा सहभागी हुने परराष्ट्र सेवाका उपसचिवले सहसचिव उत्तीर्ण गर्नेछन् र उपसचिव पद रिक्त हुनेछ भनी अनुमान एवं कल्पना गरी दायर भएको रिट स्वयंमा खारेज भागी छ भन्नेसमेत व्यहोराको लोक सेवा आयोगको तर्फबाट पेश भएको लिखित जवाफ।

४. निजामती सेवा ऐन, २०४९ को दफा ७क. को उपदफा (३) मा निजामती सेवाको पदपूर्तिका लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र चालु आर्थिक वर्षभित्रमा अवकास तथा बढुवाबाट रिक्त हुने पद र माग आकृति समेत यकिन गरी माग गर्न सकिनेछ भन्ने व्यवस्था रहेको छ। लोक सेवा आयोगमा पदपूर्तिका लागि माग आकृति फाराम पठाउँदा निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५० तयारी सम्बन्धी कार्यविधि, २०७७ मा भएको व्यवस्था अनुसार चालु आर्थिक वर्ष भित्रमा अनिवार्य अवकासबाट रिक्त भएका र हुने तथा माथिल्लो पदमा बढुवा भई रिक्त हुने, राजीनामा स्वीकृत तथा मृत्यूको कारणले रिक्त भएका र नयाँ दरबन्दी सृजना भएका पदहरूमा माग गरिदै आएको अवस्था छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम

नेपाल परराष्ट्र सेवाको सञ्चालन नेपाल सरकारको परराष्ट्र मन्त्रालयले गर्ने व्यवस्था रहेको र सम्बन्धित सेवा, समूहका स्वीकृत दरबन्दी र रिक्त पदको यथार्थ विवरण यकिन गरी पदपूर्ति सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने प्रमुख जिम्मेवारी सेवा, समूह सञ्चालन गर्ने निकाय/मन्त्रालयको हुने, अभिलेख अध्यावधिक राष्ट्रिय किताबखाना (निजामती) ले गर्ने र माग आकृति तयार गर्ने क्रममा उक्त किताबखानाको विवरणसँग भिडाइ मिलान गरिँदै आएको छ। सो सम्बन्धमा परराष्ट्र मन्त्रालयको प.सं. GA/PA/०८०/८१, च.नं. १४३१, मिति २०८०।०५।१० को पत्रसाथ नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव-४ (चार) पदहरू पदपूर्तिको लागि आवश्यक कारवाही हुन प्राप्त माग आकृति फाराम बमोजिम नै नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरहको पदमा ४ (चार) पदपूर्तिको लागि लोक सेवा आयोगमा पठाईएको हो । तसर्थ, यस मन्त्रालयको नाममा कुनै पनि प्रकारको आदेश जारी हुनु पर्ने अवस्था रहेको छैन भन्ने व्यहोराको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

५. निवेदनमा उठान भएका विषयवस्तुमा राष्ट्रिय किताबखाना (निजामती) ले गरेको कुनै काम तथा निर्णयले निजको संवैधानिक तथा कानूनी हक अधिकारमा कसरी हनन पुग्यो भन्ने व्यहोरा कहींकतै उल्लेख नै नगरी यस कितावखानालाई समेत विपक्षी बनाई दायर गरेको रिट निवेदन यस राष्ट्रिय किताबखाना (निजामती) को क्षेत्राधिकारभित्र नपर्ने हुनाले उक्त रिट प्रथम दृष्टिमा नै बदर भागी भएकोले रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुरको तर्फबाट पेश भएको लिखित जवाफ।

६. यस आर्थिक वर्ष मा रिक्त हुन जाने नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव जम्मा पदसंख्या ४ (चार) को प्रतिशत निर्धारण भई आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने पद बढुवा हुने पद नभई परीक्षाका विभिन्न चरणहरू पार गरेर मात्र पूर्ति हुने भएको हुँदा सो पद पूर्ति हुने सुनिश्चितता नहुने भएको र निजामती सेवा नियमावली, २०५० को नियम १३ को उपनियम (४) मा पद माग गर्दा पद रिक्त हुने आधार र कारण स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने व्यवस्था भएको हुँदा यस आर्थिक वर्ष मा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्तिका लागि माग भएको नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम

श्रेणी सहसचिवको १ (एक) पद आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने सुनिश्चितता यस मन्त्रालयले गर्न नसक्ने र विगतमा समेत यसै आधारमा माग गर्ने र पदपूर्ति हुने गरेको हुँदा यस मंन्त्रालयको काम कारवाहीबाट रिट निवेदकको कुनै हक हनन् नभएको हुँदा यस मन्त्रालयको हकमा प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरिपाउँ भन्नेसमेत बेहोराको परराष्ट्र मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

## यस अदालतको ठहर

७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र विद्वान् अधिवक्ता श्री नारायणप्रसाद पराजुलीले नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको पदपूर्तिको लागि परराष्ट्र मन्त्रालयले पठाएको माग आकृति फारममा उल्लिखित कैफियत बेहोरा बाट ५ पद रिक्त देखिएकोमा सोही अनुसार ५ पदको पदपूर्तिका लागि विज्ञापन गर्नुपर्नेमा ४ पदको मात्र पदपूर्ति गर्नेगरी आयोगले मिति २०८०/६/२५ मा प्रकाशन गरेको सूचनाबाट निवेदकको वृत्ति विकासमा असर परेकोले एक पद लुकाई गरिएको पदपूर्तिको सूचना तथा यससँग सम्बन्धित प्रत्यर्थीहरूका पदपूर्ति सम्बन्धि काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी मागबमोजिम रिट जारी गरी पाउँ भनी तथा प्रत्यर्थीहरूको तर्फबाट उपस्थित हुनुभएका विद्वान् सह-न्यायाधिवक्ता श्री दिनेश घिमिरेले रिक्त रहने र हुने पदहरू सबै विज्ञापन हुनु पर्ने सम्बन्धमा यस अदालतबाट पटक पटक आदेशहरू भई रहेको सम्बन्धमा कानून बमोजिम होस भनी गर्नु भएको बहससमेत सुनियो।

८. यसमा, प्रत्यर्थी लोक सेवा आयोगले नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको रिक्त भएका तथा यसै आर्थिक वर्षमा रिक्त हुने समेत ५ पद पदपूर्तिका लागि सूचना गर्नुपर्नेमा ४ पदको मात्र पदपूर्ति गर्नेगरी मिति २०८०/६/२५ मा बिभिन्न नम्बरका सूचनाहरू प्रकाशन गरेको र सो सूचनाबाट मेरो बढुवाद्वारा हुने वृत्ति विकासको हक हनन् हुने हुँदा सूचना नं. ३७०/०८०-८१, समेतका ४ पदको मात्र पदपूर्ति गर्ने गरी प्रकाशन गरिएको बढुवा सूचना नं. र विज्ञापन नं. बमोजिम हुने पदपूर्तिको सूचना तथा यससँग सम्बन्धित विपक्षीहरूका काम, कारवाही, निर्णय, सूचना, पत्राचार आदि समेतलाई उत्प्रेषणको आदेशले

बदर गरी गणना नगरिएको राजपत्राङ्कित द्वितीय श्रेणीको पद १ समेत थप/समावेश गरेर पाँच वटै पदको एकै साथ पदपूर्ति गर्ने गरी प्रक्रिया अगाडि बढाउनु भनी प्रत्यर्थीका नाउँमा आदेश गरी पाउँ भनी निवेदक धना कुमारी जोशीको निवेदन तथा यस आर्थिक वर्षमा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तिका लागि माग भएको नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव १ (एक) पद नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने सुनिश्चितता नहुने भएकोले उक्त पदलाई समावेश नगरी सेवा संचालन गर्ने परराष्ट्र मन्त्रालयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाएको र सो मन्त्रालयले समेत तदनुसारको चार पदको मागको आकृति फारम भरी पठाइएकाले तदनुरुप प्रतिशत निर्धारण गरिएको पदपूर्ति सम्बन्धी काम कारवाही कानूनसम्मत हुँदा माग बमोजिम आदेश जारी हुनु पर्ने होईन रिट निवेदन खारेज गरी पाउ भन्ने बेहोराको लिखित जवाफ देखिन्छ।

९. उल्लिखित तथ्य भएको प्रस्तुत निवेदनमा दुवै पक्षका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूबाट प्रस्तुत तर्कपुर्ण बहस जिकिर समेत सुनी निवेदकको मागबमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१०. अब निर्णय तर्फ बिचार गर्दा, रिट निवेदक नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा कार्यरत भई ऐ. द्वितीय श्रेणीको उपसचिव सरहको पदमा बढुवा हुनका लागि आवश्यक योग्यता पुगेको व्यक्ति भएको तथ्यमा विवाद देखिदैन। निजले परराष्ट्र सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव सरहको पदमा पाँच पद रिक्त भएकाले पाँचै पदको पदपूर्तिको प्रकृया अगाडि बढाउनु पर्नेमा चार पदका लागि मात्र विज्ञापन सूचना गरेको मिलेको छैन भन्ने जिकिर लिएको देखिन्छ। सो सम्बन्धमा प्रत्यर्थी लोक सेवा आयोगबाट नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीको बढुवा सम्बन्धमा मिति २०८०/६/२५ मा प्रकाशित सूचना हेर्दा सूचना नं. ३७०/०८०-८१ अन्तर्गत विज्ञापन नं. १३/०८०-८१ जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा पद-१, सूचना नं.३७१/०८०/८१ अन्तर्गत विज्ञापन नं. ७५/०८०-८१ कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा पद-१ र सूचना नं. ३७२/०८०-८१ अन्तर्गत विज्ञापन

नं.१६६६३/०८०-८१ आन्तरिक प्रतियोगितात्मक परीक्षा तर्फ पद-१ र विज्ञापन नं. १६६७१/०८०-८१ खुलातर्फ पद-१ गरी जम्मा ४ पद माग गरेको देखिन आउँछ।

११. निजामती सेवामा रिक्त पदपूर्ति गर्ने सम्बन्धमा निजामती सेवा ऐन,२०४९, निजामती सेवा नियमावली, २०५० तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ ले कार्यविधि निर्धारण गरेको पाइन्छ। जस अनुसार निजामती सेवा ऐन, २०४९ को दफा ७क.को उपदफा (१) मा "निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको एक महिनाभित्रमा सम्बन्धित निकायले लोक सेवा आयोगलाई दिई सोको जानकारी सामान्य प्रशासन मन्त्रालयलाई दिनुपर्नेछ" भन्ने व्यवस्था देखिन्छ। त्यसैगरी सोही दफाको उपदफा (२) मा "उपदफा (१) बमोजिम रिक्त भई पदपूर्तिको माग भई आएका पदहरूको विवरण प्रत्येक वर्ष श्रावण महिनाभित्र तोकिए बमोजिम सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ" भन्ने व्यवस्था रहेको र उपदफा (३) मा "निजामती सेवाको पदपूर्तिको लागि माग गर्दा सो अवधिसम्म रिक्त हुन आएका पद र चालु आर्थिक वर्षभित्रमा अवकाश तथा बढुवाबाट रिक्त हुने पद समेत यकिन गरी माग गर्न सकिनेछ" भन्ने व्यवस्था देखिन आउछ। साथै, पदपूर्तिकै सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १३(१) मा "कुनै राजपत्राङ्कित पद नयाँ सृजना भएमा वा कुनै तरिकाबाट रिक्त भएमा सात दिनभित्र सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगले त्यस्तो पदसँग सम्बन्धित विवरण सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ। त्यस्तो जानकारी प्राप्त भएपछि सामान्य प्रशासन मन्त्रालयले निजामती किताबखाना र आफूसँग रहेको अभिलेखसँग भिडाई प्रत्येक दुई महिनामा आवश्यक विवरण सहित लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरी पठाउनु पर्नेछ।" भन्ने र सोही नियमको उपनियम (४) मा "ऐनको दफा ७क. को उपदफा (३) बमोजिम आर्थिक वर्षभित्र रिक्त हुने पद माग गर्दा पद रिक्त हुने आधार र कारण स्पष्टरुपमा उल्लेख गरी पठाउनु पर्नेछ। गलत विवरण राखी पदपूर्तिको लागि माग गर्ने अधिकारीलाई विभागीय सजाय गरिनेछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट निजामती सेवामा रिक्त राजपत्राङ्कित पदको पदपुर्ति गर्दा सम्बन्धित मन्त्रालयले चालु आर्थिक वर्षभित्र रिक्त हुने पदसमेत समावेश गरी लोक सेवा आयोगमा माग गरी पठाए बमोजिम सो आयोगले पदपूर्तिको सूचना प्रकाशन गर्नु पर्ने देखिन आउँछ।

१२.नेपाल परराष्ट्र सेवा सञ्चालन गर्ने प्रत्यर्थी परराष्ट्र मन्त्रालयले सो सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीमा रिक्त पदपूर्ति सम्बन्धमा लोक सेवा आयोगमा पठाएको मागको आकृति फारामको बेहोरा हेर्दा अवकाशवाट रिक्त हुने पद-१ र सहसचिवमा बढुवा हुने पद- ३ गरी जम्मा -४ पदको माग भएको देखिन्छ । उक्त मागको आकृति फारमको कैफियत महलमा "नेपाली राजदुतावास दिल्लीमा नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव पदमा कार्यरत श्री रेवती रमण पौडेल उमेर हदका कारण मिति २०८०/९/२९ मा ५८ वर्ष पूरा भई अनिवार्य अवकाश भई पद संख्या १ रिक्त हुने। त्यसै गरी नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित प्रथम श्रेणी सहसचिवको रिक्त पदसंख्या ४(चार) को पदपूर्ति गर्न नियमानुसार प्रतिशत निर्धारण भए पछि जेष्ठता र कार्यक्षमताको मूल्याङ्कनबाट बढुवा हुने सहसचिवको पदमा नेपाल परराष्ट्र सेवाकै राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिवहरू मध्येबाटै पूर्ति हुने भएकोले बढुवा पश्चात राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिवको पद संख्या ३(तीन) रिक्त हुने" भन्ने उल्लेख भएको देखिन्छ।तर प्रत्यर्थी लोक सेवा आयोगको मिति २०८०/६/२४ को निर्णयानुसार प्रकाशित नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरहको पद सम्बन्धी सूचना तथा विज्ञापन हेर्दा सूचना नं. ३७०/०८०-८१ जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा १ पद, ऐ. सूचना नं. ३७१/०८०-८१ को कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा २ पद र सूचना नं. ३७२/०८०-८१ को आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा खुला प्रतियोगितात्मक परीक्षा मध्ये आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट १ पद गरी ४ पदको बढुवा सूचना प्रकाशित भएको देखिन्छ। यसबाट नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव पदको बढुवाबाट ४ पदपूर्ति हुने देखिएकोमा पूर्वोक्त मागको आकृति फारम हेर्दा नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा जेष्ठता र कार्यक्षमताबाट बढुवा हुने ३ पद मात्र नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदबाट पदपूर्ति हुने भनी ३ पद र चालु आर्थिक वर्षमा अवकाशबाट रिक्त हुने १ पद गरी ४ पद मात्र माग गरेको तर आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पूर्ति हुने १ पदका सम्बन्धमा कुनै विवरण उल्लेख नगरी सो पद रिक्त पदमा समावेश गरेकोसमेत देखिएन। जबकि उक्त पद समावेश गर्दा राजपत्राङ्कित द्वितीय श्रेणीमा रिक्त पद संख्या ५ हुन जाने देखिन्छ।

१३. अब, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट रिक्त हुने पदलाई पदपूर्तिको प्रयोजनको लागि मागको आकृति फारममा समावेश गरिनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा हेर्दा निजामती सेवा ऐन, २०४९ को दफा २४ र ऐ दफा २४क. बमोजिम कार्यक्षमताका आधारमा र कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवामा निजामती सेवा नियमावली, २०५० को नियम ७६(१) बमोजिम सम्वन्धित सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी मात्र उम्मेदवार हुन सक्ने व्यवस्था देखिन्छ। तर आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट हुने पदपूर्तिका सम्वन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४ क) मा **"दफा ७ को उपदफा (१) मा उल्लिखित आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने राजपत्राङ्कित द्वितीय श्रेणीसम्मको पदमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका यस ऐन, व्यवस्थापिका–संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुने"** भन्ने व्यवस्था देखिँदा राजपत्राङ्कित द्वितीय श्रेणी सम्मका पदमा मात्र अन्य सेवा समूहका निजामती कर्मचारी वा अन्य सरकारी सेवाका कर्मचारी उम्मेदवार हुन सक्ने तर राजपत्राङ्कित प्रथम श्रेणीका हकमा निजामती सेवाको बढुवा हुने पदसँग सम्वन्धित सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरी योग्यता पुगेका कर्मचारीले मात्र भाग लिन पाउने व्यवस्था गरेको देखिँदा राजपत्राङ्कित प्रथम श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षामा अन्य सेवाका कर्मचारी उम्मेदवार हुन सक्ने नै देखिएन । उल्लिखित कानूनी व्यवस्थाको आलोकमा प्रस्तुत मुद्दामा उठाइएको विवादको विषयबस्तुलाई हेर्दा नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने विज्ञापनमा सोही सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीको योग्यता पुगेका व्यक्ति बाहेक अन्य सेवाका व्यक्ति उम्मेदवार नै हुन नपाउने/ नसक्ने स्पष्ट देखियो । अर्थात नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको ४ पद मध्ये ३ पद जेष्ठता र कार्यक्षमताको मूल्याङ्कनबाट र बाँकी १ पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने भए तापनि आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रकृयाद्वारा हुने बढुवामासमेत सोही सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका कर्मचारी बाहेक अन्य कर्मचारी बढुवा हुन सक्ने अवस्था कानूननः देखिएन । तसर्थ, खुला प्रतियोगिताद्वारा

हुने पदपूर्ति बाहेकका बढुवाद्वारा हुने पदपूर्तिमा सो सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पद रिक्त हुन जाने हुँदा त्यसरी रिक्त हुने सबै पद पदपूर्तिको प्रयोजनका लागि रिक्त हुने पदमा गणना गर्नु पर्ने देखिन आयो।

१४. जहाँसम्म आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तिका लागि माग भएको नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पद पदपूर्ति हुने सुनिश्चितता नभएका कारण सो प्रकृयाबाट राजपत्राङ्कित द्वितीय श्रेणीको पद रिक्त नहुन पनि सक्ने भन्ने प्रत्यर्थी परराष्ट्र मन्त्रालयको लिखित जवाफ जिकिर छ सो सम्बन्धमा हेर्दा पूर्व पठीत निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) को व्यवस्थाले परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षामा सोही सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका योग्यता पुगेका कर्मचारी भन्दा बाहेक अन्य कुनै पनि सेवाको कर्मचारी उम्मेदवार नै हुन नपाउने कानूनी व्यवस्थाको रोहमा सो पद स्वतः सोही सेवाका कर्मचारीबाट पदपूर्ति हुने भनी अनुमान गर्नु स्वभाविक हुन आउछ। निजामती सेवा ऐन, २०४९ को दफा ७(१) ले निजामती सेवाका पदपूर्तिका सम्बन्धमा विशेष संरचना निर्धारण गरी तदनुरुप पदपूर्ति गर्ने व्यवस्था गरेको र उक्त संरचना अनुरुप प्रतिशत निर्धारण भएकोमा सो परीक्षा प्रणालीबाट कुनै पनि उम्मेदवार उत्तीर्ण नै नहुने वा सो प्रक्रियाबाट बढुवा नै हुन नसक्ने भनी अनुमान गर्नु सर्वथा न्यायोचित हुदैन। यद्यपि प्राविधिक वा अन्य कतिपय कारणबाट पदपूर्ति हुन नसक्ने विशेष परिस्थिति सृजना हुन सक्ला तर त्यस्तो अपवादात्मक रुपमा सृजना हुन सक्ने विशेष परिस्थितिको अनुमान गरी नियमित र स्वभाविक रुपमा बढुवा भै रिक्त हुन सक्ने पदलाई "पदपूर्ति नहुन पनि सक्ने" भनी अन्यथा सोच्नु उचित देखिएन। सेवा समूह संचालन गर्ने मन्त्रालयले कर्मचारीको वृत्ति बिकाससँग सम्बन्धित कानूनी व्यवस्थाको व्याख्या गर्दा संगठनमा काम गर्ने जनशक्तिको बृति बिकासमा सकारात्मक प्रभाव पर्ने गरी ब्याख्या गर्छ भन्ने सेवामा कार्यरत कर्मचारीको स्वभाविक अपेक्षा रहन्छ। यस सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा ७क. को उपदफा (२) ले पदपूर्ति प्रयोजनका लागि रिक्त पदको गणना गर्दा चालु आर्थिक वर्ष भित्रमा अवकाश तथा बढुवाद्वारा रिक्त हुने पद गणना गर्नु पर्ने भनी वृत्ति बिकासका दृष्टिले उदार र सकारात्मक व्यवस्था गरेको सन्दर्भमा माथिल्लो पदका लागि आन्तरिक प्रतियोगितात्मक परीक्षा सम्बन्धी बढुवाको सूचना प्रकाशन गर्नु नै तल्लो

श्रेणीको पदबाट उक्त पदमा बढुवा भै जाने र तल्लो श्रेणीको पद रिक्त हुने भनी मान्नु पर्ने हुन आउँछ । माथिल्लो श्रेणीको पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने सुनिश्चितता नभएका कारण रिक्त पदमा गणना नगरिएको वा पदपूर्तिमा समायोजन नगरिएको भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ मनासिव र कानूनसम्मत देखिएन ।

१५. यस प्रकार नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव पदमा चालु आर्थिक वर्षमा स्पष्ट ५ पद रिक्त हुने देखिएकोमा प्रत्यर्थी परराष्ट्र मन्त्रालयले आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति हुने उक्त पद मागको आकृति फारममा नै समावेश नगरी प्रत्यर्थी लोक सेवा आयोगमा पठाएको र सो आयोगले पनि सोही बमोजिम सूचना प्रकाशित गरेको देखिन आयो । यस स्थितिमा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०६७ को दफा ९ को उपदफा (१)(च) मा "अदालतको आदेश वा अन्य कुनै कारणले विज्ञापन रद्द वा खारेज भएको अवस्थामा आयोगबाट पुनः पदसंख्या निर्धारण गर्न सकिने" भन्ने कानूनी व्यवस्था रहेको देखिएको र यस्तै तथ्य र विवादको विषयबस्तु रहेको बिभिन्न मुद्दाहरूमा[1] यस अदालतले आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट रिक्त हुने पद समेत समावेश गरी पुनः प्रतिशत निर्धारण गर्नु भनी आदेश जारी गरेकोसमेत देखिन आउछ। यसबाट प्रत्यर्थीले गरेको बढुवा सूचनामा चालु आर्थिक वर्षमा रिक्त हुने सबै पद समावेश नभएको र सोबाट निवेदिका बढुवा हुने अवसरबाट अनुचित तवरले बञ्चित हुनुपर्ने स्थिति उत्पन्न भएकाले निर्देशिकाको उल्लिखित व्यवस्था बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदबाट रिक्त हुने पदसमेत गणना गरी पदपूर्ति गर्ने गरी पद संख्या निर्धारण गर्नु पर्ने देखिन आयो।

१६. तसर्थ, माथि उल्लिखित कानूनी व्यवस्था र आधार, कारण, तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा प्रतिशत निर्धारण भए पछि रिक्त हुने ४ पद र राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिवको अवकाशबाट रिक्त हुने १ पद समेत नेपाल परराष्ट्र सेवाको राजपत्राङ्कित द्वितीय

[1] सिवानी बस्नेत बिरुद्ध परराष्ट्र मन्त्रालयसमेत मुद्दा नं.०७७-WO-०३२८ आदेश मिति २०७७/१०/१३
धन बहादुर वली समेत बिरुद्ध परराष्ट्र मन्त्रालयसमेत मुद्दा नं.०७७-WO-०३१९ आदेश मिति २०७७/१०/१३
चक्रकुमार सुवेदी बिरुद्ध परराष्ट्र मन्त्रालयसमेत मुद्दा नं.०७९-WO-०४३७ आदेश मिति २०७९/९/१९

श्रेणी उपसचिवको ५ पद रिक्त हुने देखिएकोमा सो पदको पदपूर्तिका लागि लोक सेवा आयोगबाट मिति २०८०/६/२५ मा प्रकाशित सूचना नं. ३७०/०८०-८१ अन्तर्गत विज्ञापन नं. १३/०८०-८१ जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवामा पद-१, सूचना नं. ३७१/०८०-८१ अन्तर्गत विज्ञापन नं. ७५/०८०-८१ कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा पद-१, सूचना नं. ३७२/०८०-८१ अन्तर्गत विज्ञापन नं.१६६६३/०८०-८१ आन्तरिक प्रतियोगितात्मक परीक्षा तर्फ पद-१ र विज्ञापन नं. १६६७१/०८०-८१ खुलातर्फ पद-१ गरी जम्मा ४ पदमा मात्र विज्ञापन गरेको देखिँदा नेपाल परराष्ट्र सेवा राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव वा सो सरहको पदको विज्ञापन तथा सूचनाहरू कानून बिपरित देखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। अब सेवा सञ्चालन गर्ने प्रत्यर्थी परराष्ट्र मन्त्रालयले उल्लिखित ४ पदमा १ पद थप गरी जम्मा ५ पदको मागको आकृति फाराम भरी प्रत्यर्थी लोक सेवा आयोगमा पठाउने र सो आयोगले तदनुरुप नेपाल परराष्ट्र सेवा, राजपत्राङ्कित द्वितीय श्रेणीमा चालु आर्थिक वर्षमा रिक्त हुने पाँच (५) पदको यसै आर्थिक वर्षका लागि प्रतिशत निर्धारण र विज्ञापन प्रकाशित गरी पदपूर्ति गर्नू भनी प्रत्यर्थीहरूको नाममा परमादेशसमेत जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्याधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिनु। प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, रिट निवेदनको दायरीको लगत कट्टा गरी, मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत:- विरेन्द्र प्रकाश खड्का

इति संवत् २०८० साल पुष १३ गते रोज ६ शुभम् ..........................।